मानननीय सभामुखज्यू,

माननीय सदस्यज्यूहरु ,

१. कोभिड-१९ को महामारीले सिर्जना गरेका चुनौतीपूर्ण परिस्थितीको सम्बोधन गरी प्रदेशवासीहरुको जीवनरक्षा सुनिश्चित गर्दै अर्थतन्त्रलाई पुनर्सुदृढीकरण गर्न आगामी वर्षको बजेट प्रस्तुत गर्नुपर्ने विद्यमान अवस्थामा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि विगतमा भएका जनआन्दोलन, सशस्त्र जनयुद्ध र मधेश जनविद्रोहको स्मरण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण वीर शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु ।

२. कोरोना महामारीबाट मृत्यु भएका व्यक्ति र राष्ट्रसेवक कर्मचारीप्रति हार्दिक भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र मृतकका परिवारजनमा समवेदना व्यक्त गर्दै संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. आर्थिक वर्ष २०७८।०७९ को बजेट तर्जुमा गर्दा नेपालको संविधान प्रदत्त प्रदेशको अधिकारहरु, नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्ध्रौं आवधिक योजना, प्रदेश नं.२ को प्रथम आवधिक योजनाले अंगिकार गरेको उद्देश्य, लक्ष्य, नीति र कार्यक्रमहरु, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमहरु, दीगो विकासका लक्ष्यहरु, पूर्व बजेट छलफलका क्रममा माननीय प्रदेश सभा सदस्यज्यूहरुले प्रदान गर्नु भएका रचनात्मक सुझावहरु, विभिन्न विद्वान, सरोकारवालाहरुबाट प्राप्त राय सुझाव एवं प्रदेश सरकारबाट विगतमा भएका महत्वपूर्ण कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमाको प्रमुख मार्गदर्शनको रुपमा लिएको छु ।

४. कोरोनाबाट आक्रान्त प्रदेशवासीहरुको जीवनरक्षा सहित सुशासन, दीगो शान्ति, विकास र समृद्धि हासिल गर्ने तीव्र आकांक्षा र उपलब्ध सीमित स्रोत तथा साधनको समुचित परिचालन गरी अपेक्षित नतीजा हासिल गर्ने कार्य चुनौतिपूर्ण भए पनि आवश्यक संस्थागत र व्यवस्थापकीय प्रवन्ध सहित प्रदेश सरकार प्रतिबद्ध रहेको व्यहोरा सबैमा अनुरोध गर्न चाहन्छु ।

५. आगामी आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय सरकारका बीच सहकारिता, सहअस्तित्व र समन्वय मार्फत वित्तीय संघीयताको कुशल अभ्यास गरी सामाजिक, राजनैतिक तथा विकासका आयामहरुमा क्रमिक सुधार तथा रुपान्तरण गर्दै लगिने विश्वास व्यक्त गर्न चाहन्छु।

६. प्रदेशमा उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा प्रदेशको प्रथम आवधिक योजना अनुरुप निर्दिष्ट लक्ष्य प्राप्त हुने अपेक्षा लिएको छु।

७. कोभिड १९ को दोस्रो लहर तथा सम्भावित तेस्रो लहरको चुनौतिपूर्ण अवस्थालाई दृष्टिगत गर्दै स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखि आगामी बर्षको बजेट तर्जुमा गरेको छु ।

**माननीय सभामुख महोदय,**

**प्रदेश नं. २ को समष्टिगत आर्थिक अवस्थाको बारेमा संक्षिप्त विवरण सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।**

८. चालु आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ता मुल्यमा ५ खर्ब ६३ अर्ब १५ करोड पुग्ने अनुमान गरिएको छ । जसमध्ये कृषि क्षेत्रको योगदान ३९ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ६१ प्रतिशत भएको प्रारम्भिक अनुमान गरिएको छ ।

९. नेपाल सरकारको आर्थिक सर्वेक्षण अनुसार प्राथमिक क्षेत्रले कुल गार्हस्थ उत्पादनमा ३९ प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान गरिएको छ भने कुल गार्हस्थ उत्पादनमा द्वितीय क्षेत्रको योगदान १०.९ प्रतिशत रहनेछ र सेवा क्षेत्रले कुल गार्हस्थ उत्पादनमा ५०.२ प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान रहेको छ ।

१०. चालु आर्थिक वर्षमा यस प्रदेशको आर्थिक बृद्धिदर ३.५२ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको ।

११. प्रदेशको प्रमुख खाद्यान्न बालीको रुपमा रहेको धानको उत्पादन चालु आर्थिक वर्षमा ५६ लाख २१ हजार ७ सय १० मेट्रिक टन हुने अनुमान छ। जसमध्ये यस प्रदेशको योगदान

सबैभन्दा बढी २५.५ प्रतिशत रहने अनुमान छ।साथै कृषि क्षेत्रको उत्पादन चालु आर्थिक बर्षमा उल्लेख्य रुपमा बृद्धि हुने अनुमान गरेको छु ।

१२. कोभिड-१९ महामारीका कारण पर्यटक आवागमनमा कमी आएको र खुद्रा व्यापार तथा वित्तीय संस्थाहरुको कारोबारमा भएको कमीले सेवा क्षेत्रको योगदान घट्ने अनुमान गरेको छु ।

१३. प्रदेशमा बैंक, बीमा तथा वित्तीय सेवाको पहुँच क्रमशः बढ्दै गएको छ । गत वर्ष जम्मा १३५८ वटा शाखा मार्फत विभिन्न बैंक तथा बित्तीय संस्थाहरुबाट सेवा प्रवाह भएकोमा चालु आर्थिक वर्षमा उक्त संख्या बढेर कुल १५७४ पुगेको छ र प्रदेशका सबै पालिकाहरुमा बैंक तथा वित्तीय संस्थाको पहुँच रहेकोछ ।

१४. चालु आर्थिक वर्षमा संकलन भएको कुल निक्षेप मध्ये यस प्रदेशको योगदान ४.३ प्रतिशत रहेको छ ।

१५. चालु आर्थिक वर्षमा आन्तरिक ऋण रु. एक अर्ब परिचालन गर्ने लक्ष्य लिएकोमा प्रदेश सरकारले हालसम्म ऋण नलिएको जानकारी यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु।

**१६. चालु आर्थिक वर्षको जेठ २० गते सम्म नेपाल सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान वापत रु. ५ अर्ब २६ करोड ५० लाख, राजस्व बाँडफाँटबाट रु. ५ अर्ब ९८ करोड २४ लाख र संघीय सशर्त अनुदान वापत रु. ५ अर्ब १० करोड ७५ प्राप्त भएको छ। विशेष अनुदान वापत रु. १३ करोड ८३ लाख तथा समपुरक अनुदान तर्फ रु. ९२ लाख प्राप्त भएको छ ।**

१७. चालु आ. व. को जेठ २० गतेसम्म आन्तरिक राजस्व परिचालन तर्फ रु. ३ अर्ब २ करोड १ लाख संकलन भएको छ ।

१८. चालु आर्थिक वर्षमा कुल विनियोजनको ६२.५ प्रतिशत खर्च हुने संशोधीत अनुमान छ । विनियोजनमध्ये चालु तर्फ ७२.३४ प्रतिशत र पुँजीगत तर्फ ५२.६६ प्रतिशत हुने संशोधित अनुमान छ ।

१९. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १३ को उपदफा २(ख) बमोजिम मध्यमकालीन खर्च संरचना पेश गरेको छु । यसबाट प्रदेश सरकारको त्रिवर्षीय श्रोतको

आँकलन गरी प्राथमिकता प्राप्त क्षेत्रमा उपलब्ध श्रोतको बाँडफाँड गर्ने खाका प्रस्तुत हुने विश्वास लिएको छु ।

**माननीय सभामुख महोदय,**

**आगामी आर्थिक वर्षको बजेटको उद्देश्य देहाय बमोजिम रहेको छ ।**

२०. कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि सम्पूर्ण साधन स्रोतको परिचालन गर्दै नागरिकको जीवन रक्षा गर्ने ।

२१. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षाको सुनिश्चितता गर्ने ।

२२. संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य मार्फत विकासका लक्ष्यहरु हासिल गर्ने ।

२३. महिला, दलित, गरिब, अपाङ्ग, मधेशी, आदिवासी जनजाति, अल्पसङ्ख्यक र आर्थिक तथा सामाजिक रुपमा विपन्न खस आर्यहरुको मूल प्रवाहिकरण गर्ने ।

२४. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी मार्फत आर्थिक गतिविधिलाई गतिशील बनाउने ।

२५. दक्ष, सबल, सक्षम एवंम प्रविधिमैत्री जनशक्तिको विकास गर्ने ।

**माननीय सभामुख महोदय**

**बजेटका उद्देश्यहरु प्राप्त गर्न तपसिल बमोजिमको प्राथमिकता निर्धारण गरेको छु।**

२६. संघ एवम् स्थानीय तहबीचको समन्वयमा कोभिड १९ महामारी रोकथामका लागि आवश्यक खोप उपलब्ध गराउने ,

२७. स्वास्थ्य संस्थाहरुको स्तरवृद्धि तथा संस्थागत सुदृढीकरण,

२८. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था, शैक्षिक गुणस्तर, शैक्षिक सामग्री लगायत शैक्षिक वातावरण सुधार,

२९. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना मार्फत रोजगारी सृजना ,

३०. प्रदेशको राजस्वमा महत्वपूर्ण योगदान पुर्याउने उद्योगहरुलाई प्रोत्साहन,

३१. आवास विहीन तथा आर्थिक रुपले विपन्न, गरिब र सामजिक बहिष्करणमा परेका नागरिकका लागि उपयुक्त , सुरक्षित र व्यवस्थित आवासको व्यवस्था,

३२. मधेश आन्दोलन लागायत विभिन्न आन्दोलनका क्रममा भएका शहिद तथा पीडित परिवारहरुको सम्मान तथा संरक्षण,

३३. प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेका वहुवर्षीय आयोजना तथा कार्यक्रमहरुको निरन्तरता,

३४. प्राकृतिक तथा मानवीय क्रियाकलापबाट सिर्जना हुन सक्ने विपद्को समुचित व्यवस्थापन,

३५. सार्वजनिक सेवा प्रवाह र विकास प्रशासनलाई जनमुखी, गुणस्तरीय र प्रतिफलदायी बनाई प्राप्त उपलब्धिको न्यायोचित वितरण मार्फत सुशासन कायम गर्ने ।

**माननीय सभामुख महोदय,**

**प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रहरुसँग सम्बन्धित कार्यक्रम र बजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु।**

**(क) स्वास्थ्य क्षेत्र तथा कोभिड-१९ को महामारी रोकथाम, नियन्त्रण र उपचार**

३६. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक औषधि, अक्सिजन सिलिण्डर, रेम्डिसिभिर, रिएजेन्ट किट्स लगायतका उपकरण खरिदका लागि रू. २० करोड विनियोजन गरेको छु ।

३७. कोभिड-१९ महामारीले सृजना गरेको जटिल परिस्थितिको सामना गर्न आवश्यक औषधि उपकरण खरिदका लागि पर्याप्त स्रोतको सुनिश्चितता गरेको छु । साथै कोरोना महामारी रोकथाम नियन्त्रणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको व्यहोरा सम्मानित सभा समक्ष निवेदन गर्न चाहन्छु ।

३८. यस प्रदेशभित्रका विभिन्न अस्पतालहरुमा मृगौला विरामीहरुको बढ्दो चापलाई मध्यनजर गर्दै ३५ वटा डाईलेसिस मेसिन खरिदका लागि रु. १२ करोड विनियोजन गरेको छु ।

३९. कोभिड-१९ महामारीले सृजित जनस्वास्थ्यसँग सम्वन्धित जोखिम कम गरी समुचित उपचारको व्यवस्था गर्न जनकपुरधामको मुजेलिया स्थित मणिपाल शिक्षण अस्पतालमा कोभिड विशेष अस्पताल सञ्चालनमा ल्याउन तथा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई स्वास्थ्य क्षेत्रको विशिष्ट अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने क्षेत्रको रुपमा विकास गर्न चालु आर्थिक वर्षमा रू. ९ करोड उपलब्ध गराई सकेको र अगामी आर्थिक वर्षको लागि रू. १० करोड विनियोजन गरेको छु । यसका लागि थप बजेटको व्यवस्थापन आन्तरिक ऋणबाट गरिनेछ ।

४०. कोरोना महामारीको उपचारमा जनशक्तिको अभाव हुन नदिन अस्पताल तथा प्रयोगशालाहरुमा थप जनशक्ति व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु । नेपाल सरकारको समन्वय एवम् सहकार्यमा कोरोना महामारी विरुद्ध अग्रपङतिमा खटिने प्रदेश मातहतका अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थकर्मीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु ।

४१. प्रादेशिक अस्पताल जनकपुरधामका लागि Cath Lab, Advanced CT Scan Machine, ICU/HDU स्थापनार्थ उपकरण खरिदका लागि रु.१९ करोड विनियोजन गरेको छु ।

४२. प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई अत्याधुनिक उपकरण सहित स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४३. पोखरीया अस्पताल पर्सा र भारदह अस्पताल सप्तरीलाई प्रदेश अन्तर्गत सञ्चालन गर्ने निर्णय भएअनुरुप उक्त अस्पतालहरुको भौतिक संरचना सुधारका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४४. अन्य स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण र सुधारका लागि रु. १६ करोड विनियोजन गरेको छु ।

४५. संघीय सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश भित्रका सीमान्तकृत बिपन्न दलित परिवारहरुको स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था मिलाइएकोछ।

४६. आयुर्बेद, योग, प्राकृतिक चिकित्सा, होमियोप्याथिक तथा अन्य परम्परागत उपचार पद्धतिको अध्ययन अनुसन्धान, प्रादेशिक आयुर्बेद तथा बैकल्पिक चिकित्सा, अनुसन्धान केन्द्र स्थापना एवम् स्थानीय तहमा क्रमशः स्वास्थ्य तथा नागरिक आरोग्य केन्द्र स्थापना तथा नियमित संचालन गर्न रु ४ करोड ३० लाख बजेट व्यवस्था गरेको छु ।

४७. पूर्ण सुरक्षित मातृत्व प्रदेश तथा Zero home delivery कार्यक्रमलाई Piloting को रुपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**(ख) शिक्षा क्षेत्र**

४८. प्रत्येक जिल्लामा एक/एक वटा नमुना सामुदायिक विद्यालय स्थापना तथा सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण तथा सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न रू. २४ करोड विनियोजन गरेको छु ।

४९. प्रदेश स्थित सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्रछात्राहरुलाई खेलकुदको माध्यमबाट शारीरिक तथा मानसिक विकासका लागि खेलमैदान निर्माण तथा स्तरोन्नति गर्न रु.८ करोड विनियोजन गरेको छु ।

५०. प्रदेश स्थित ऐतिहासिक पुस्तकालयहरु तथा संस्कृत विद्यालयहरुको सुदृढीकरण र जनकपुरधाममा प्रादेशिक स्तरको पुस्तकालय निर्माण कार्यको सम्भाव्यता अध्ययनका लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु ।

५१. उच्च शिक्षा अध्ययनरत आदिवासी जनजाति ,दलित, मुस्लिम, छात्रा तथा मधेश आन्दोलनका शहिद परिवार, घाइते परिवारका लागि छात्रवृत्तिको व्यवस्था गर्न रु.२ करोड विनियोजन गरेको छु।

५२. सामुदायिक विधालयहरुमा अध्ययनरत विधार्थीहरुको प्राथमिक स्वास्थ्य उपचार परामर्श सेवा उपलब्ध गराउन एक विधालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिन रु.३ करोड ५० लाख रकम विनियोजन गरेको छु।

## (ग ) सीप विकास तथा रोजगारी

५३. रोजगार सूचना केन्द्रलाई ब्यबस्थित तुल्याई सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा गरिबी न्यूनीकरणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रदेश अनुकूल परिमार्जन गरी विपन्न परिवारलाई रोजगारीको अवसर सृजना गर्ने कार्यक्रममा रु.८ करोड रकम विनियोजन गरेको छु।

५४. कोभिड १९ महामारीका कारण रोजगारी गुमाएका यूवाहरुको लागि युवा स्वरोजगार कार्यक्रममा रु.१५ करोड रकम विनियोजन गरेको छु।

५५. उद्यमशीलता मार्फत रोजगारीका अवसर सृजना गर्न रु. २८ करोड ५० लाख रकम विनियोजन गरेको छु।

५६. दलित समुदायका महिला तथा युवाहरुको सीप विकास मार्फत रोजगारीका अवसर सृजना गर्न विगत वर्षदेखि सञ्चालनमा रहेको **भगत सर्वजीत** कार्यक्रमलाई निरन्तरता दिदै रु.२ करोड ४० लाख रकम विनियोजन गरेको छु।

५७. स्थानीय श्रम, सीप, क्षमता अभिवृद्धि गर्न व्यवसायिक शिक्षा तथा तालिम मार्फत आवश्यक प्राविधिक जनशक्तिको उत्पादन गरी आय आर्जनमा परिचालन गर्न सीप तथा व्यवसायिक तालिम परिषद्का लागि संघ र प्रदेशको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## (ग) महिला, वालवालिका युवा तथा खेलकुद

५८. महिला सशक्तिकरण मार्फत राज्यको हरेक निकायमा महिलाहरुको पहुँच अभिवृद्धि गर्न महिलाको हक सम्बन्धि प्रादेशिक नीति, कानून, योजना तर्जुमा लगायत बालबालिका, युवा तथा खेलकुदका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

५९. खेलकुदको विकासका लागि राष्ट्रिय खेलहरु तथा प्रदेश नं. २ का लोकप्रिय तथा लोपोन्मुख खेलहरुलाई प्राथमिकतामा राखी आवश्यक संरचनागत व्यवस्था गरी मुख्यमन्त्री रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गर्न बजेट विनियोजन गरेको छु ।

**(घ) भाषा, साहित्य, कला एवम् संस्कृति**

६०. प्रदेश भित्रका मौलिक सांस्कृतिक सम्पदाहरुको संरक्षण एवम् प्रवर्द्धनका लागि विभिन्न साँस्कृतिक संग्राहलय र प्रदेश भाषा, कला तथा संस्कृति प्रतिष्ठान स्थापनाका लागि पूर्व सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६१. प्रदेशभित्रका धार्मिक साँस्कृतिक क्षेत्रको विकास र प्रबर्द्धनका लागि रु.१६ करोड रकम विनियोजन गरेको छु।

६२. प्रदेशको मौलिक संस्कृति कला तथा अन्य विद्याको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक वाद्यवाद्यन सामग्री उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

**(ङ) भूमि, कृषि तथा पशुपालन**

६३. प्रदेशको प्रमुख आर्थिक क्षेत्रको रुपमा रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्दि गर्ने उद्देश्यले दुग्ध पदार्थमा आधारित फलफुल तथा माछा प्रसोधन उद्योगहरुको सम्भाव्यता अध्ययन सहित स्थापनाका लागि रु.४ करोड रकम विनियोजन गरेको छु ।

६४. प्रदेशलाई दुग्ध तथा मासु उत्पादनमा आत्मनिर्भर बनाउन दुग्ध तथा मासु मिसन कार्यक्रम र प्रस्तावमा आधारित पशुपन्छी तथा मत्स्य विकासका कार्यक्रमको लागि रु.१३ करोड बजेट विनियोजन गरेको छु ।

६५. प्रदेशको अनुकूलता बमोजिम व्यवसायिक महत्वका तरकारी र मसला, पुष्पखेती, पोषणयूक्त बालीहरु ओल, सोहिजन, अनार, मेवा, च्याउ लगायतका व्यवसायिक खेतीको प्रवर्द्धन गर्न रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

६६. कृषक, विपन्न, गरिब, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला, मधेस आन्दोलनका सहिद र घाइते परिवारको आय आर्जन तथा जीविकोपार्जनमा टेवा पुऱ्याउन "मुख्यमन्त्री किसान उत्थान कार्यक्रम" लाई निरन्तरता दिन रु ५ करोड विनियोजन गरेको छु।

६७. बाली र वस्तु परिवेशमा सन्तुलन कायम राख्न एकिकृत शत्रुजीव व्यवस्थापन, जलवायु मैत्री कृषि प्रविधि विस्तार, कृषि जैविक विविधता, प्राकृतिक जलाशय संरक्षण, माटो स्वास्थ्य प्रवर्द्धन कार्यक्रमहरु संचालनमा आवश्यक बजेट विनियोजन गरेको छु ।

६८. बालीनाली र पशु वस्तुका महामारी रोग र हानिकारक कीराहरुको प्रकोप फैलिन नदिई तत्काल स्थलगत रुपमा महामारी नियन्त्रणका लागि पशुपंक्षी घुम्ती सेवा ( Veterinary Mobile Van) सहितको रैपिड रेस्पोन्स टिमको परिचालन गर्न स्थानीय तहसँग सहकार्य गरी आकस्मिक व्यवस्थापन गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६९. कृषक र उद्यमीलाई व्यवसायिक कृषिको लागि कृषि सामग्रि, ढुवानीको लागि वाहन लगायतका कृषियन्त्र र भौतिक पुर्वाधार (तरकारी र फलफूल बजार स्थल निर्माण, मलको व्यवस्थापन, वेयरहाउस, कोल्ड स्टोरेज/कोल्ड रुम) स्थापना गर्न अनुदान प्रदान गरिने कार्यलाई निरन्तरता दिन रु.१० करोड ८० लाख बजेट विनियोजन गरेको छु ।

७०. कृषि उत्पादन तथा बजारीकरणको निम्ती महत्वपूर्ण कृषि पकेट क्षेत्र केन्द्रित गरी पालिकाहरुमा कृषि सडक निर्माणलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

७१. डिप ट्युवेल, स्यालो ट्युवेलको सुदृढीकरण तथा आधुनिकीकरण र नदीहरुको व्यवस्थापन गरी विद्यमान कृषि सिँचाई प्रणालीहरुको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिइ स्थानीय स्तरमा रहेका साना सिँचाई पूर्वाधारहरु लाई समुदायबाटै व्यवस्थापन हुने गरी संचालनमा ल्याउन रु.१० करोड २० लाख बजेट विनियोजन गरेको छु ।

७२. विपन्न गरिब तथा सामाजिक रुपमा पछाडी परेका साना कृषकहरुको लागि स्वरोजगारमूलक विशेष पशुपन्छी तथा मत्स्यपालन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७३. आकस्मिक पशुपन्छी तथा मत्स्य महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**(च) उद्योग, पर्यटन, वन तथा वातावरण संरक्षण**

७४. आगामी आर्थिक वर्षमा नेपाल सरकार, स्थानीय तह, अन्तर्राष्ट्रिय संघसंस्था लगायत सरोकारवालासंगको सहकार्यमा चुरे संरक्षणका लागि विशेष पहल गरिनेछ । यसका लागि आकस्मिक भुसंरक्षण एवम एकीकृत भुसंरक्षण तथा पर्यापर्यटनको लागि रु १८ करोड ३६ लाख विनियोजन गरेको छु ।

७५. वातावरणीय अनुकुलतालाई दृष्टिगत गर्दै सडक किनार, ग्रिन वेल्ट तथा आसपास क्षेत्रमा फलफुल लगायत अन्य वृक्षारोपण कार्यलाई अभियानको रुपमा सञ्चालन गर्न रु ७ करोड ३८ लाख विनियोजन गरेको छु ।

७६. जनआन्दोलन, जनयुद्ध, मधेश जनविद्रोह लगायत लोकतान्त्रिक आन्दोलनका योद्धाहरुको सम्मानमा स्मृति पार्क निर्माण गर्नका लागि रु १ करोड विनियोजन गरेको छु ।

७७. प्रदेशका प्रत्येक निर्वाचन क्षेत्रमा एक जलाशय/पोखरीको संरक्षण सम्बर्द्धन एवम् व्यवस्थापनको लगि रु ३२ करोड विनियोजन गरेको छु ।

७८. निर्माणाधिन मठ, मन्दिर ,गुम्बा ,मस्जिद, कब्रगाह लगायत धार्मिक/सांस्कृतिक सम्पदाको संरक्षण सम्बर्द्धन एवम् निर्माणको लागि रु १८ करोड विनियोजन गरेको छु ।

७९. ग्रामीण पर्यटन प्रवर्द्धन एवम् आर्थिक आत्मनिर्भरताको मार्गप्रशस्त गर्न होमस्टे कार्यक्रम संचालनको लागि रु १ करोड विनियोजन गरेको छु ।

८०. पौराणिक, ऐतिहासिक, सांस्कृतिक सम्पदा सम्पन्न यस प्रदेशका सम्पदाहरुको संरक्षण एवम् पर्यटकीय गन्तव्यको रुपमा विकसित गर्न पर्यटकीय पूर्वाधार निर्माण एवम् सम्पदा संरक्षणको लागि रु १५ करोड विनियोजन गरेको छु ।

८१. प्रादेशिक प्रथम पञ्चवर्षिय योजनाले प्रक्षेपित गरेका प्रमुख पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास एवम् सौन्दर्यीकरणका लागि रु १५ करोड विनियोजन गरेको छु ।

८२. हरित एवम् स्वच्छ प्रदेशको परिकल्पनालाई साकार पार्न प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा हरित पार्क निर्माणका लागि रु १६ करोड विनियोजन गरेको छु ।

८३. प्रदेशमा आउने पर्यटकहरुलाई लामो समयसम्म बस्ने वातावरण बनाउन miniature of Nepal सहितको पर्यटकीय पूर्वाधार भएको नेपालको **आँखी झ्याल** स्थापना तथा निर्माणका लागि रु ४ करोड विनियोजन गरेको छु ।

८४. आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरी पर्यटन प्रवर्द्धन गर्न सुविधा सम्पन्न **Snow City Fun Park** निर्माणका लागि रु १० करोड विनियोजन गरेको छु ।

## (छ) भौतिक पूर्वाधार विकास

८५. प्रादेशिक सडक सञ्जालको सन्तुलित विकासको आधारको रुपमा रहेको प्रदेशको प्रत्येक निर्वाचन क्षेत्रमा ५ किलोमिटर पक्की सडक निर्माण कार्यलाई निरन्तरता दिदै रु ६७ करोड २० लाख विनियोजन गरेको छु ।

८६. क्रमागत आयोजनाको रुपमा स्वीकृत एवम् श्रोत सुनिश्चितता भईसकेका सडक पुलका आयोजनाहरु सम्पन्न गर्न यथेष्ट बजेट विनियोजन गरेको छु ।

८७. प्रदेशमा सञ्चालनमा रहेका दलित गरिब आवास निर्माण कार्यलाई निरन्तरता दिँदै सो कार्यका लागि निरन्तरता दिन रु ८ करोड विनियोजन गरेकोछु ।

८८. प्रदेशका विपन्न नागरिकलाई लक्षित गरी सुरक्षित आवास उपलब्ध गराउन स्वर्गीय महेन्द्र नारायण निधी आवास योजनाको शुभारम्भको लागि रु २० करोड विनियोजन गरेको छु ।

८९. कृषि निर्भर अर्थतन्त्रको रुपमा रहेको प्रदेशको कृषि विकासलाई दृष्टिगत गर्दै किसानको खेतीवारीमा सिंचाई उपलब्ध गराउन मझौला सिचाई आयोजनाहरुको निर्माणलाई प्राथमिकतामा राखी रु ४१ करोड विनियोजन गरेको छु ।

९०. अतिवृष्टिका कारण उत्पन्न हुने बाढी पहिरो जस्ता समस्याहरुलाई सम्बोधन गर्ने दृष्टिकोणले नदी नियन्त्रणको लागि रु ३० करोड विनियोजन गरेको छु ।

९१. प्रदेशका प्रत्येक स्थानीय तहको वडादेखि पालिकाको केन्द्र/सदरमुकाम जोडने सडक निर्माण तथा ढलान कार्यको लागि रु ६८ करोड विनियोजन गरेको छु ।

९२. निरन्तरता पाएका सार्वजनिक निर्माण सम्बन्धी अधुरो आयोजनाहरु तथा अन्य सार्वजनिक निर्माण कार्यको लागि रु २० करोड विनियोजन गरेको छु ।

९३. मधेश भवनभित्र सुबिधा सम्पन्न सेवाग्राही मैत्री प्रशासकीय भवन निर्माण गर्न रु ५ करोड विनियोजन गरेको छु ।

९४. मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत विगतमा सञ्चालित तथा स्रोत सुनिश्चितता भएका क्रमागत आयोजनाहरुलाई सम्पन्न गर्न रु ३१ करोड विनियोजन गरेको छु ।

९५. जनताको हक र अधिकारको लागि संघर्ष गर्नु भएका अथक योद्धा स्वर्गीय रामराजा प्रसाद सिंह, स्वर्गीय गजेन्द्र नारायण सिंहको सालिक स्थापनाका लागि रु ४ करोड विनियोजन गरेको छु । साथै शहिद दुर्गानन्द झा को शालिक निर्माण कार्यलाई निरन्तरता दिन रु. २ करोड विनियोजन गरेको छु ।

९६. प्रजातन्त्र सेनानी देव नारायण यादव स्मृति पार्क सौन्दर्यीकरणको लागि रु २ करोड विनियोजन गरेको छु ।

(ज) <u>शान्ति ,सुरक्षा ,सञ्चार तथा विपद व्यवस्थापन</u>

९७. सूचना तथा सामाचारको संप्रेषणलाई व्यवस्थित बनाउन “प्रदेश मुद्रण छापाखाना” स्थापना कार्यलाई निरन्तरता दिदै कार्य सम्पन्नका लागि रु २ करोड विनियोजन गरेको छु ।

९८. विपद्को अवस्थामा राहत एवम् व्यवस्थापनको लागि ईभ्याकूएसन केन्द्र निर्माण गर्न रु ५ करोड विनियोजन गरेको छु ।

९९. शान्ति सुरक्षाको क्षेत्रलाई सुव्यवस्थित बनाउन प्रदेश प्रहरी कार्यालय तथा मातहतका जिल्ला प्रहरी कार्यालय/ईलाका प्रहरी कार्यालय/प्रहरी चौकी/ट्राफिक/तालिम केन्द्र लगायतका निकायहरुको पूर्वाधार निर्माणका लागि रु ७ करोड ३३ लाख विनियोजन गरेको छु ।

१००. सशस्त्र प्रहरी वल तथा मातहतका सीमा सुरक्षा वलहरुको कार्यालयको पूर्वाधार निर्माणका लागि रु १ करोड ३५ लाख विनियोजन गारेको छु ।

१०१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि जनचेतना कार्यक्रम संगै खोज तथा उद्दार कार्य एवम् विपद् व्यवस्थापन सम्बन्धी गोदाम घर निर्माण लगायतका पूर्वाधार निर्माणकालागि रु १ करोड ७२ लाख विनियोजन गरेको छु ।

१०२. लागु औषध विरुद्धको अभियानलाई निरन्तरता दिदैं स्थानीय तहको सहकार्यमा लागु औषध दुर्व्यसन पुर्नस्थापना केन्द्र स्थापनार्थ रु १ करोड ९० लाख विनियोजन गरेको छु ।

१०३. मधेश आन्दोलनका सहिद परिवारहरुलाई भरणपोषण भत्ता तथा मधेश सहिद स्मारक पार्क निर्माण एवम् पर्सामा निर्माणाधीन अधुरो निर्माण कार्य पुरा गर्न रु १ करोड ७५ लाख विनियोजन गरेको छु ।

१०४. मधेश आन्दोलनका घाइतेहरु तथा मधेश आन्दोलनबाट पीडितहरुको तथ्यांक संकलनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०५. मधेश आन्दोलनका शहिदहरुको सन्तानलाई अध्ययन छात्रवृत्ति तथा सहिद परिवारलाई रोजगारमुलक तालिम प्रदान गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०६. सञ्चार क्षेत्रको संस्थागत विकासलाई प्राथमिकता दिदै मिडिया काउन्सिल, आमसञ्चार प्राधिकरण एवम् चलचित्र तथा लोक सञ्चार प्रवर्द्ध बोर्डको लागि रु ५करोड विनियोजन गरेको छु ।

१०७. आमनागरिकको सुसुचित हुने अधिकारको सुनिश्चिततालाई टेवा पुर्याई सुचनाको हकको प्रत्याभुति गराउन लोककल्याणकारी विज्ञापन कार्यक्रममा रु २ करोड विनियोजन गरेको छु ।

**(झ) <u>सामाजिक सुरक्षा</u>**

१०८. दलित सशक्तिकरण ऐनको आधारमा दलित विकास समिति गठन भई कार्य सञ्चालनमा आईसकेकोले उक्त समितिको लागि रु २ करोड विनियोजन गरेको छु ।

१०९. सामाजिक एवं आर्थिक रुपमा सबभन्दा सीमान्त जीवन व्यतीत गर्ने दलित समुदायको स्वास्थ्य सुविधाको सुनिश्चितताको लागि दलित समुदाय स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

११०. दलित सशक्तिकरण कार्यक्रमलाई प्राथमिकता दिदै दलित छात्रावास निर्माणको लागि रु ८ करोड विनियोजन गरेको छु।

१११. मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियानलाई निरन्तरता दिन रु २० करोड विनियोजन गरेको छु ।

**(ढ) <u>सार्वजनिक सेवा प्रवाह, सुशासन तथा राष्ट्रसेवक</u>**

११२. प्रदेश निजामति सेवा ऐन जारी भई प्रदेश लोक सेवा आयोगबाट पदपुर्तीको प्रक्रिया सुरुवात भईसकेको छ। यसबाट प्रदेशका विभिन्न निकायहरुमा रिक्त हुने पदहरु समयमै पुर्ति भई सेवा प्रवाह तथा विकास निर्माण कार्यमा सहज हुनेछ। प्रदेश लोक सेवालाई स्रोत साधन सम्पन्न बनाउन रु १० करोड विनियोजन गरेको छु।

११३. प्रदेश सरकारका कर्मचारीहरु तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सीप दक्षता क्षमता अभिवृद्धि गर्न ग्रामिण विकास प्रशिक्षण केन्द्रलाई आवश्यक बजेट विनियोजन गरेको छु।

११४. विनियोजन दक्षता अभिवृद्धि गर्दै निकासा प्रणालीलाई सरल, सहज र व्यवस्थित बनाई आर्थिक पारदर्शिता कायम गर्न प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत रहने गरी कम्तिमा तीन स्थानमा प्रदेश लेखा ईकाई कार्यालय स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

११५. प्रदेशमा सञ्चालित आयोजनाहरुलाई समयमा सम्पन्न गर्नका लागि आयोजना प्रमुख र लेखा उत्तरदायी अधिकृतबीच कार्य सम्पादन सम्झौता गर्ने प्रक्रियाको सुरुवात गरी कार्य सम्पादनलाई मूल्याङ्कनको आधार बनाईनेछ ।

११६. सार्वजनिक खर्चलाई प्रभावकारी बनाउन चालु खर्चलाई मित्तव्ययी र पुँजीगत खर्च बढाउने गरी बजेट विनियोजन गरेको छु ।

११७. प्रदेशमा सञ्चालन हुने निर्माणसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरुको गुणस्तर परीक्षण गरी निर्माण कार्यलाई दिगो बनाउने उद्देश्यले प्राविधिक प्ररीक्षण प्रयोगशालाको स्थापना गर्न रु १ करोड विनियोजन गरेको छु ।

११८. सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ । साथै आयोजना कार्यान्वयनको प्रभावकारी अनुगमन प्रणाली तयार गरी लागु गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

११९. प्रदेश सरकारका निकायमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न तालिम प्रदान गरिने कार्यलाई निरन्तरता दिनुका साथै स्थानीय तहमा कार्यरत जनशक्तिहरुको क्षमता बिकासका कार्यक्रमहरु समेत सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२०. नेपाल सरकारबाट राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च बनाउन सुनिश्चित गरेको तलब बृद्धिलाई प्रदेश सरकारका सार्वजनिक निकायमा कार्यरत निजामती कर्मचारीहरुको लागि समेत लागु हुने गरी बजेट व्यवस्थापन गरेकोछु । साथै चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेको आन्तरिक पर्यटन कार्यक्रमलाई आ.व. २०७८।७९ मा समेत निरन्तरता दिएको छु ।

(ञ) <u>राजस्व प्रशासन सुधार तथा स्थानीय तह</u>

१२१. प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाई आर्थिक विकासका गतिविधिहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१२२. संविधान प्रद्धत अधिकार क्षेत्र बमोजिम राजस्वका सम्भावित क्षेत्रहरुको पहिचान गरी विद्यमान राजस्व प्रणाली संस्थागत तथा संरचनागत सुधार गरी राजस्व संकलनलाई वैज्ञानिक तथा वस्तुनिष्ठ बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१२३. प्रदेशको राजस्व संकलनमा महत्वपूर्ण योगदान पुर्याउने उद्योग, व्यवसाय तथा निकायहरुको अनुगमन प्रणाली व्यवस्थित बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।साथै स्थानीय तहबाट प्रदेश संचित कोषमा प्राप्त हुने राजस्व समयमै दाखिला गराउन आवश्यक अनुगमन गर्न पहल गरिनेछ ।

**माननीय सभामुख महोदय**

**अब म माथिका कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

१२४. आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ३३ अर्ब ७९ करोड १४ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।कुल विनियोजन मध्ये चालु तर्फ रु. १५ अर्ब ६३ करोड ३३ लाख ४७ हजार अर्थात ४६.२६ प्रतिशत, पुँजिगत तर्फ रु. १८ अर्ब ५ करोड ८० लाख ८३ हजार अर्थात ५३.४४ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु.१० करोड अर्थात ०.३० प्रतिशत रहेको छ ।

१२५. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत मध्ये आन्तरिक स्रोतको राजस्वबाट रु. ३ अर्ब ४ करोड ९१ लाख ३० हजार, नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट रु. १३ अर्ब ९० करोड ३४ लाख, राजस्व बाँडफाँटबाट रु. ९ अर्ब ५८ करोड ८९ लाख र चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने नगद मौज्दात रु. ६ अर्ब २५ करोड गरी जम्मा रु. ३२ अर्ब ७९ करोड १४ लाख ३० हजार व्यहोर्दा रु. १ अर्ब न्यून हुने देखिन्छ। सो न्यून रकम पूर्ति गर्न आगामी आर्थिक बर्षमा आन्तरिक ऋण परिचालन गरिनेछ ।

१२६. प्रदेश सभा निर्वाचन क्षेत्र विकासका लागि आगामी आर्थिक वर्षमा रु २ अर्ब ३५ करोड रकम विनियोजन गरेको छु ।

१२७. प्रदेशभित्रका स्थानीय तहहरुलाई आगामी आर्थिक वर्षमा वितीय हस्तान्तरणका लागि रु ३ अर्ब १६ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

**अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, माननीय सभामुख र माननीय मन्त्रीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।कोभिड १९ महामारीको विषम परिस्थितमा समेत अमूल्य सुझाव दिई प्रदेश सरकारको बजेट तर्जुमा कार्यलाई मार्गप्रशस्त गर्नुहुने सम्पुर्ण माननीय सदस्यहरुलाई हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाका क्रममा अहोरात्र खट्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।प्रदेशको समृद्धि र विकासका लागि प्रस्तुत बजेट कार्यक्रममा विभिन्न राजनैतिक दलका शीर्ष नेता, स्थानीय तहका जनप्रतिनिधि, अर्थविद्, विभिन्न पेशा व्यवसायका संगठित संस्थाहरु, वैदेशिक विकास साझेदारहरु, नागरिक समाज, संचारकर्मी, करदाता तथा देशभित्र र बाहिर रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाईहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा पुर्याउनु भएको सहयोग र सद्भभावनाको लागि धन्यवाद दिदै बजेटको कार्यान्वयनमा सबै पक्षको सहयोग पाउने पूर्ण विश्वास गरेको छु ।**

**धन्यवाद ।**